# मदिरा नियन्त्रण तथा व्यवस्थापन कार्यविधि,२०८२

कार्यविधि संख्याः- १
कार्यपालिकाबाट स्वीकृत मितिः- २०८२।०४।२८

**<u>प्रस्तावना</u>**

वित्थडचिर गाउँपालिकामा बसोबास गर्ने वालवालिका, ज्येष्ठ नागरिक, महिलाहरु न्यून गुणस्तरको मदिरा सेवन गरेका व्यक्तिहरुको हिंसाजन्य व्यवहारबाट प्रताडित हुनु परेको, न्यून गुणस्तरका मदिरा सेवनका कारण आत्महत्या दरमा वृद्धि भएको, यौनजन्य हिंसामा वृद्धि भएको, महिला हिंसामा वृद्धि भएको, घरेलु झै-झगडा अत्यधिक हुने गरेको, मदिरा सेवनका कारण सबैजसो उमेरका मानिसहरुको मृत्युदरमा समेत वृद्धि भएको देखिएकोले यस गाउँपालिकाका आम समुदायको जनचाहना अनुरुप समुदायलाई सु-सभ्य, शान्त तथा आर्थिक उन्नतीको मार्गमा अग्रसर गराउन, सामाजिक सद्भाव कायम राख्न, सबै किसिमका हिंसा अन्त्य गरी सभ्य समाजको निर्माण गर्नका साथै मदिरा सेवनबाट जनस्वास्थ्यमा पर्न गएको नकारात्मक असरलाई न्यूनीकरणका लागि मदिरा नियन्त्रण तथा व्यवस्थापन गर्न आवश्यक देखिएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ को दफा ११ (ञ) (१४) को अधीनमा रही यस वित्थडचिर गाउँपालिका बझाङको गाउँकार्यपालिकाको निर्णयबाट यो कार्यविधि बनाई लागु गरिएको छ ।

**१) सक्षिप्त नाम, विस्तार र प्रारम्भः-**

१) यस कार्यविधिको नाम "**मदिरा नियन्त्रण तथा व्यवस्थापन कार्यविधि, २०८२**" रहेको छ ।

२) यो कार्यविधि बित्थडचिर गाउँपालिका बझाङ भर लागु हुनेछ ।

३) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२) **परिभाषाः-** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) "मदिरा" भन्नाले अन्न, फलफुल वा अन्य कुनै स्टार्चयुक्त वस्तुलाई जीवरसायनिक प्रक्रियाद्धारा कुहाई वा अन्य कुनै प्रक्रियाद्धारा तयार पारिएको अल्कोहलयुक्त रसायनिक पदार्थ सम्झनु पर्दछ । सो शब्दले रक्सी, जाँड, छयाङ, ह्वीस्की, जीन, बराण्डी, भोड्का, बियर, वाइन, सेरी, सेम्फेसन, साइडर, फेरी, माल्टन, औद्योगिक अल्कोहल, रेक्टिफाइड, स्प्रिट समेतलाई जनाउँदछ ।

ख) "उत्पादन" भन्नाले मदिरा तयार गर्नका लागि आवश्यक पदार्थ कुहाउने, पकाउने वा त्यस्तो पदार्थमा वास्ना वा स्वाद आउने गरी कुनै कुराको समिश्रण गर्ने वा तयार गर्नको लागि अपनाइने सबै वा कुनै विधि वा कार्य बुझिन्छ ।

ग) "उत्पादक" भन्नाले मदिरा उत्पादन गर्न इजाजत पत्र प्राप्त गरेको व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई सम्झनुपर्छ ।

घ) "इजाजतपत्र" भन्नाले आन्तरिक राजस्व कार्यालयबाट प्राप्त मदिराको उत्पादन, विक्री वितरण, निकासी पैठारी गर्न दिएको इजाजत पत्र सम्झनुपर्छ ।

ङ) "सेवनकर्ता" भन्नाले मदिरा सेवा गर्ने व्यक्ति सम्झनुपर्छ ।

च) "कार्यविधि" भन्नाले मदिरा विक्री वितरण, व्यवस्थापन तथा नियमन कार्यविधि, २०८२ लाई सम्झनुपर्छ ।

छ) "व्यवस्थापन" भन्नाले मदिराजन्य पदार्थको उत्पादन, विक्री वितरण, सेवन, निकासी पैठारी गर्नको लागि इजाजत पत्र प्रदान गरी मदिराजन्य पदार्थको उत्पादन, विक्री वितरण, निकासी पैठारीको कार्य व्यवस्थित गर्ने कार्यलाई सम्झनुपर्छ ।

ज) "निकासी" भन्नाले प्रचलित कानून बमोजिम उत्पादन भएको मदिरालाई एक स्थानबाट अर्को स्थानमा खरिद विक्री गरी पठाउने कार्यलाई सम्झनुपर्छ ।

झ) "पैठारी" भन्नाले प्रचलित कानून बमोजिम विदेशबाट नेपाल भित्र मदिरा ल्याउने कार्य सम्झनुपर्छ ।

ञ) "स्थानीय तह" भन्नाले बझाङ जिल्लास्थित बित्थडचिर गाउँपालिकालाई सम्झनुपर्छ ।

ट) "प्रचलित कानून" भन्नाले मदिरा सम्बन्धी प्रचलित मदिरा ऐन, २०३१ र ऐ.को नियम २०३३ लाई सम्झनुपर्छ ।

ठ) "अध्यक्ष" भन्नाले बझाङ जिल्लास्थित बित्थडचिर गाउँपालिकाका अध्यक्षलाई सम्झनुपर्छ।

ड) "संयोजक" भन्नाले बित्थडचिर गाउँपालिकाका न्यायिक समितिका संयोजकलाई सम्झनुपर्छ।

ढ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले बित्थडचिर गाउँपालिकाकाका प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

ण) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस कार्यविधि अन्तर्गत बनेका नियममा तोकिएका वा तोकिए बमोजिम सम्झनुपर्छ ।

त) "न्यून गुणस्तरका मदिरा" भन्नाले टयाङ्ग्रा, पाउँच, लिचि, रहर, सुकुटी, छयाङ, ठेल्लु, बाबरी स्पेशल, सोफी जस्ता प्लास्टिक प्याकिङका मदिरालाई सम्झनुपर्छ ।

३) **मदिराको उत्पादन नियन्त्रणः-** कुनै व्यक्तिले इजाजतपत्र बेगर र इजाजतपत्र पाएकोले पनि इजाजतपत्रमा तोकिएको शर्त बमोजिम बाहेक यस गाउँपालिका भित्र मदिरा उत्पादन/विक्री वितरण गर्न पाइने छैन ।

४) **मदिराको विक्री वितरणमा नियन्त्रणः-** कुनै व्यक्तिले इजाजतपत्र पत्र बेगर र इजाजतपत्र पाएकोले पनि इजाजतपत्रमा तोकिएको शर्त बमोजिम बाहेक यस गाउँपालिका भित्र मदिरा विक्री वितरण गर्न वा मदिरा खुवाउने बार र रेष्टुरेण्ट वा पसल थाप्न पाउने छैन । तर अन्य कुनै निकायबाट इजाजतपत्र लिएका वा गाउँपालिकाबाट इजाजतपत्र लिएको भएतापनि मदिराजन्य पदार्थको विक्री वितरण गर्न नपाउने गरी गाउँपालिका भर वा गाउँपालिकाको स्वास्थ्य, शिक्षा, सरकारी कार्यालय, शैक्षिक संस्था, साँस्कृतिक तथा पुरातात्विक महत्वका क्षेत्रहरुमा निषेधित क्षेत्र घोषणा गर्न सकिनेछ ।

५) **मदिराको उत्पादन तथा विक्री वितरणमा बन्देजः-** मानिसको स्वास्थ्यमा प्रत्यक्ष असर पुर्‍याउने न्यून गुणस्तरका मदिरा जस्तै टयाङ्ग्रा, पाउँच, लिचि जस्ता प्लास्टिक प्याकिङ भएका मदिरा विक्री वितरण गर्न पाइने छैन साथै निकासी पैठारी समेत गर्न पाइने छैन ।इजाजतपत्र लिएको व्यक्ति व्यवसायीले मदिरा पसलमा अरु सामानहरु पनि विक्रीका लागि राख्न पाइने छैन ।

६) **मदिराको निकासी पैठारीमा नियन्त्रणः-** कुनै व्यक्तिले इजाजतपत्र बेगर र इजाजतपत्र पाएकोले पनि न्यून गुणस्तरका मदिरा गाउँपालिकाको भु-भाग भएर आयात निर्यात, विक्री वितरण तथा निकासी पैठारी गर्न पाइने छैन । इजाजतपत्रमा तोकिएको शर्त बमोजिम बाहेक गाउँपालिका भित्र मदिराको निकासी पैठारी गर्न पाउने छैन ।

७) **इजाजतपत्र लिनुपर्नेः-** इजाजतपत्र नलिई कसैले पनि मदिराको उत्पादन, निकासी पैठारी, विक्री वितरण वा सञ्चय गर्न पाउने छैन । साथै गाउँपालिकाले नयाँ व्यवसाय गर्नेहरुका लागि गाउँपालिकामा नियमानुशार दर्ता गरि आन्तरिक राजस्व कार्यालय मार्फत इजाजत पत्र प्राप्त गर्न सक्नेछ ।

८) **व्यवसाय दर्ता प्रमाण-पत्र दिनुपर्नेः-** दफा ७ बमोजिम गाउँपालिकामा मदिरा व्यवसाय दर्ताका लागि कुनै निवेदन पर्न आएमा तोकिएको अधिकारीले सो निवेदन उपर आवश्यक जाँचबुझ गर्नेछ र त्यसरी जाँचबुझ गर्दा निवेदकलाई दर्ता प्रमाण पत्र दिन मनासिव देखेमा

तोकिए बमोजिमको शर्तको अधीनमा रही मदिराको विक्री वितरण गर्न तोकिएको दस्तुर लिई तोकिएको ढाँचामा दर्ता प्रमाण-पत्र दिनुपर्नेछ ।

९) **मदिरा व्यवसाय दर्ता शुल्कः-** प्रथम पटक दर्ता गर्दा मदिरा व्यवसाय दर्ता शुल्क खुद्राको हकमा रु.३५,०००/- र थोक बिक्रेताको हकमा रु ६०,०००।-, नवीकरण शुल्क खुद्राको हकमा रु.३५००।— र थोक बिक्रेताको हकमा रु ४५००।- प्रतिलिपि वापतको शुल्क रु. ५००/- लिइनेछ साथै उक्त दस्तुरहरु प्रत्यक बर्षको आर्थिक ऐन बमोजिम परिवर्तन हुनेछन।

१०) **मदिरा व्यवसाय दर्ता प्रमाण-पत्र प्राप्त गर्दा आवश्यक कागजातहरुः-**

क) नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि थान १

ख) वडा कार्यालयको सिफारिश

ग) चार किल्ला प्रमाणित

घ) पासपोर्ट साइजको फोटो २ प्रति

ङ) जग्गाधनी प्रमाण पत्र

च) राष्ट्रिय परिचयपत्रको प्रतिलिपि

छ) चालु आर्थिक वर्षको कर तिरेको रसिद

ज) प्रथम पटक दर्ता गर्दा दर्ता शुल्क आर्थिक ऐन बमोजिम परिवर्तन हुनेछन।

**११) दर्ता प्रमाण-पत्रको अवधि र नवीकरणः**

व्यवसाय दर्ता प्रमाण पत्रको अवधि र नविकरण दस्तुर सम्वन्धि व्यवस्था गाउँपालिकाको आर्थिक ऐन वमोजिम हुनेछ।

**१२) दर्ता प्रमाण-पत्र बदर गर्न सक्नेः**

तोकिएको अधिकारिले दफा ७ वमोजिम प्राप्त इजाजतपत्र देहायको अवस्थामा बदर गर्न सिफारीस गर्न सक्नेछ ।

(क) इजाजतपत्र नवीकरण नगरेमा,

(ख) इजाजतपत्रमा तोकिएका शर्त उलङ्घन गरेको पाइएमा,

(ग) दफा ५ विपरीत काम गरेको पाईएमा,

(घ) न्यून गुणस्तरका मदिरा विक्री वितरण गरेको पाईएमा,

(ङ) न्यून गुणस्तरका मदिरा निकासी पैठारी गरेको पाईएमा ।

**१३) व्यवसायी वा सेवाग्रहीले पालना गर्नु पर्ने शर्तहरुः-** गाउँपालिका भित्र नियमानुशार दर्ता भई, इजाजतपत्र लिई मदिराको विक्री वितरन गर्ने व्यक्तिहरुले देहायका शर्तहरुको अनिवार्य पालना गर्नु पर्नेछ ।

(क)इजाजतपत्र प्रत्येक आर्थिक वर्षको असार मसान्त भित्र वनिकरण गराई सक्नु पर्नेछ।

(ख)इजाजतपत्र सबैले देख्ने गरी कारोवार स्थलमा राख्नु पर्नेछ ।

(ग)प्रत्येक वोतलमा विर्को र वोतलमा पर्ने गरी अन्तःशुल्क टिकट टाँस गरी मदिरा निकासी गर्नुपर्नेछ ।

(घ)साझ ५ वजे देखि राती ८ वजे सम्म मात्र मदिराको विक्री वितरण गर्नु पर्नेछ ।

(ङ)अठार वर्ष नपुगेका व्यक्तिले मदिरा खरिद विक्री वितरण गर्न पाइने छैन ।

(च)मदिरा खरीद विक्री गर्नेले मदिरा खरीद विक्री गरेको विजक राख्नु पर्ने छ ।

(छ)इजाजतपत्रवालाले अन्तःशुल्क टिकट टाँस गरेको मदिरा मात्र विक्री वितरण गर्नु पर्ने छ ।

(ज)अन्तःशुल्क ऐन २०५८, मदिरा ऐन २०३१ र सो अन्तर्गत बनेका अन्य कानूनहरुको परिपालना गर्नु पर्ने छ ।

(झ)गाउँपालिका भित्र कुनै पनि व्यक्तिले साँझ ६ वजे देखि ८ वजे सम्म मदिरा सेवन तथा विक्री वितरण गर्ने अनुमति लिएको स्थान वा सिमित परिमाणमा मात्र मदिरा सेवन गर्न पाउने छ तर सनातन रुपमा मानी आएको संस्कार, संस्कृतिमा भने यो समय लागु हुने छैन ।

ञ)गाउँपालिकाले मदिरा राख्न पाउने गरी वर्गिकरण गरेका होटलहरुमा मात्र मदिरा राख्न तथा विक्री गर्न पाइनेछ ।

ट)गाउँपालिकाले मदिरा सार्वजनिक सुचना आह्वावान गरी मदिरा सेवन गर्ने वा विक्री वितरण गर्ने स्थान तोक्नेछ र सोहि स्थानबाट मात्र मदिराको विक्री वितरण तथा साझको ५ वजे देखि ८ वजे सम्म मदिरा सेवन गर्नु पर्नेछ ।

ठ)सार्वजनिक स्थल (गाउँपालिकाको कार्यालय,वडा कार्यालय, अस्पताल,विधालय,क्याम्पस, मठ मन्दिर तथा अन्य सबै प्रकारका सरकारी कार्यालय) रहेको वरीपरी १०० मिटर भित्रको क्षेत्रमा कुनै पनि किसिमको मदिरा जन्य पदार्थको उत्पादन,विक्री वितरण र सेवन गर्न पाइने छैन ।

ड)मदिरा विक्री वितरण गर्ने व्यक्तिले मदिरा खरीद गर्ने व्यक्तिको तीन पुस्ते विवरण राख्नु

पर्नेछ। उक्त विवरण गाउँपालिकाको अनुगमन टोलीले हेर्न चाहेमा उपलव्ध गराउनु पर्ने छ।

ढ) एक्काईस वर्ष नपुगेका युवा-युवतीहरुले माथी उपदफा (झ) मा उल्लेखित दफा लागु हुने छैन।

**१४) लागु नहुने अवस्थाः**

यस कार्यविधिको अन्य दफाहरुमा जुनसुकै कुरा लेखिएको भएतापनि निजी उपयोगको निमित्त जुनसुकै व्यक्तिले महत्वपूर्ण चाडपर्वमा मात्र घरेलु मदिरा उत्पादन गर्न पाउने छन । सो समयमा यो कानून लागु हुनेछैन ।

**१५) गाउँपालिकालाई तिर्नु पर्ने रकम सरकारी बाँकी सरह असुल गर्नेः**

यो कार्यविधि बमोजिम कुनै व्यक्तिले गाउँपालिकालाई तिर्न बुझाउनु पर्ने रकम नतिरी बुझाई बाँकी राखेमा त्यस्तो रकम निजबाट गाउँपालिकाले सरकारी बाँकी सरह असुल उपर गर्ने छ ।

**१६) दण्ड सजायः-**

क) यस कार्यविधिको दफा १३ बमोजिमका शर्तहरुको उलंघन गरेको पाइएमा त्यस्तो उलंघन गर्ने व्यक्तिलाई प्रचलित कानून बमोजिमको सजाय हुनेछ ।

ख) गाउँपालिका भित्र मदिरा सेवन गरी हो हल्ला गरेमा, परिवारका सदस्याहरुलाई दुःख दिएमा, तोकिएको अवधी बाहेक अन्य अवधीमा मदिरा सेवन गरेमा, मदिरा सेवन गरी सार्वजनिक स्थलमा प्रवेश गरेमा वा सार्वजनिक सुव्यवस्थामा खलल पुग्ने कार्य गरेमा प्रचलित कानून बमोजिमको सजायको भागिदार हुनेछ ।

ग) कसैले यस गाउँपालिका भित्रको क्षेत्रमा मदिरा दर्ता प्रमाण पत्र नलिई मदिरा विक्री वितरण गरेको पाइएमा पहिलो पटकलाई रु.५०००/- दोश्रो पटकलाई रु.७०००/- त्यसपछि जतिसुकै पटक भएपनि पटक रु.१०,०००/- जरीवाना गरिनेछ । सो जरिवाना वाफतको रकम मध्ये २५ प्रतिशत रकम सुरक्षाकर्मीलाई प्रोत्साहन स्वरुप उपलब्ध गराइनेछ ।

१) कुनै व्यक्तिले, माथि उल्लेखित बमोजिमको जरीवाना वाफतको रकम तिर्न नसकेमा वा नतिरेमा गाउँपालिकाले जरीवाना रकम बराबरको श्रममा लगाउन सक्नेछ ।

२) पटक-पटक मदिरा सेवन गर्ने व्यक्तिलाई नेपाल प्रहरीले व्यवहार परिवर्तनको लागि तारेखमा बोलाउन सक्नेछ ।

३) कर्मचारी, सार्वजनिक पद धारण गरेको व्यक्ति वा सार्वसाधारणबाट गरिएको दणडजरीवाना स्वरुपको रकम सार्वजनिक निर्माण कार्यमा खर्च गरिनेछ ।

**१७) मदिरा तथा अन्य समानको जफत बिक्रीः-**

कुनै व्यक्ति यस कार्यविधि र प्रचलित कानून विपरीत मदिराको उत्पादन, विक्री वितरण, निकासी वा पैठारी गरेमा सो कार्यसंग सम्बन्धित मदिरा प्रमुख प्रशासकीय अधिकृतले कानून बमोजिम लिलाम गर्नेछ। यस कार्यविधि र प्रचलित कानुन विपरीत मदिराको कारोवार गर्न प्रयोग गरिएका सबै समानहरु प्रमुख प्रशासकीय अधिकृतले जफत गरी तोकिए बमोजिमले लिलाम गर्ने छ । तर सवारी साधनको हकमा भने सवारी धनीको मन्जुरी लिनु पर्ने छ साथै सवारी जफत गरिने छैन ।

**१८) तहकिकातको प्रक्रियामा सहयोग गर्नु पर्नेः-**

यस कार्यविधि र प्रचलित कानून अन्तर्गत सजाय हुने कसुरको तहकिकातको शिलशिलामा प्रमुख प्रशासकीय अधिकृत वा निजबाट अधिकार पाएको कर्मचारीले सहयोग मागेमा गर्नु सम्बन्धित व्यक्तिको कर्तव्य हुनेच ।

**१९) मुद्दा हेर्ने अधिकारीः-**

दफा १३ बमोजिमको कसुरको शुरु कारवाही र किनारा प्रचलित कानून बमोजिमको निकायले र वाँकी यस कार्यविधी अन्तर्गत कसुरमा शुरु कारवाही र किनारा गर्ने अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई हुनेछ ।

**२०) पुनरावेदनः**

यस कार्यविधि बमोजिम प्रमुख प्रशासकीय अधिकृतले गरेको निर्णय उपरमा चित्त नबुझने व्यक्तिले पुनरावेदनको लागि जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

**२१) पुरस्कारः**

१) कसैले यस कार्यविधि तथा प्रचलित कानून विपरीत मदिरा उत्पादन, संचय, विक्की वितरण, ओसारपोसार,निकासी वा पैठारी गर्न लागेमा वा गरेमा त्यसको सुराक दिने वा सवुत प्रमाण सहित मानिस पक्री पेश गर्ने व्यक्तिलाई सो कार्य भए गरेको प्रमाणित हुन आएमा देहाय बमोजिमको रकम पुरस्कार स्वरुप दिइनेछः-

क) सुराक दिने व्यक्तिलाई विगोको दश प्रतिशत,

ख) मदिरा वा मानिस पक्री पेश गर्ने व्यक्तिलाई विगोको बीस प्रतिशत,

ग) मदिरा र मानिस दुवै पक्री पेश गर्ने व्यक्तिलाई विगोको तीस प्रतिशत,

२) उपदफा (१) बमोजिम पुरस्कार दिने प्रयोजनको लागि मदिरा र सोसँग सम्बन्धित जफत भएको समान लिलाम भएको अवस्थामा लिलामवाट प्राप्त रकमलाई विगो मानिनेछ।

३) कुनै कारणले जफत भएको मदिरा वा सामान लिलाम हुन नसकेमा वा लिलाम नहुने भएमा गाउँपालिकाले त्यस्तो सुराक दिने वा सवुत प्रमाण सहित मानिस पक्री पेश गर्ने व्यक्तिलाई उचित ठहरायाएको रकम पुरस्कार स्वरुप दिन सक्नेछ ।

४) यस दफा बमोजिम पुरस्कार पाउने व्यक्ति एकजनाभन्दा बढी भएमा पुरस्कार को रकम दामासाहीले वितरण गरिनेछ ।

**२२) सहयोग गर्नु पर्नेः**

यस कार्यविधि वा प्रचलित कानूनको कार्यन्वयनको लागि गाउँपालिकाले मागेको सहयोग उपलब्ध गराउनु स्थानीय प्रशासन तथा सरोकारवाला र अन्य निकायहरुको कर्तव्य हुनेछ ।

**अनुसूची १**

**दफा (७) सँग सम्बन्धित**

# वित्थडचिर गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## देउलेख, बझाङ

## सुदूरपश्चिम प्रदेश, नेपाल

# ब्यवसाय दर्ता प्रमाण–पत्र

फर्मको नाम:

ठेगाना :

PAN NO: **करदाता कोड:**

प्रस्तुत विषयमा तपाईलाई **"बित्थडचिर गाउँपालिकाको ब्यवसाय दर्ता तथा नबिकरण सम्बन्धि कार्यबिधि, २०७५"** को दफा (७) बमोजिम यो प्रमाणपत्र प्रदान गरिएको छ । प्रचलित नियमानुसार उपभोक्ताको हित संरक्षण गरि मर्यादित तवरले आफ्नो ब्यवसाय सञ्चालन गर्नु हुन अनुरोध गरिन्छ ।

| दर्ता नं. | ब्यवसाय/फार्मको नाम | ब्यवसायको प्रकृति | ब्यवसायीको नाम | स्थान |
|---|---|---|---|---|
| | | | | |

लागत पूँजी :

घर जग्गा धनी:

कार्यालयको छाप

प्रमाण पत्र जारी गर्नेको

सहि :

नाम

पद :

मिति :

नोट :

१) यो प्रमाण पत्र एक आर्थिक वर्ष सम्म बहाल रहने छ ।

२) प्रमाण पत्रको नविकरण म्याद समाप्त भएको मितिले ३ महिना भित्र वा असोज मसान्त भित्र न्यूनतम शुल्कमा नबिकरण गराई सक्नु पर्ने छ ।

३) असोज मसान्त भित्र नबिकरण नभएमा चैत्र मसान्त सम्म थप दस्तुर तिरि नबिकरण गराउनु पर्ने छ ।

४) कालो सुचीमा परेका ब्यवसायीको प्रमाण पत्र नबिकरण गरिने छैन ।